④ नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, वैशाख १ गते २०४४ साल (अतिरिक्ताङ्क २ (क)

## भाग ३

### महालेखा परीक्षकको विभागको सूचना

**महालेखा परीक्षकको विभागका पदाधिकारीहरू सम्बन्धी (दशौं संशोधन)**
**नियमावली, २०४४**

महालेखा परीक्षकको विभागका पदाधिकारीहरू सम्बन्धी नियमावली, २०१८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

लेखापरीक्षण ऐन, २०१८ को दफा ३ को उपदफा (२) र दफा १० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी महालेखा परीक्षकले बनाएको देहायको नियमावलीमा श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "महालेखा परीक्षकको विभागका पदाधिकारीहरू सम्बन्धी (दशौं संशोधन) नियमावली, २०४४" रहेको छ ।

(२) यो नियमावली सम्वत् २०४४ साल वैशाख १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. महालेखा परीक्षकको विभागका पदाधिकारीहरू सम्बन्धी नियमावली, २०१८ को नियम ५.१ मा संशोधनः महालेखा परीक्षकको विभागका पदाधिकारीहरू सम्बन्धी नियमावली, २०१८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.१ को सट्टा देहायको नियम ५.१ राखिएको छः–

"५.१ बिदाको किसिमः पदाधिकारीले देहाय बमोजिमको बिदा पाउन सक्ने छन्ः–

(१) पर्व बिदा
(२) घर बिदा
(३) बिरामी बिदा
(४) क्रिया बिदा
(५) विशेष बिदा
(६) अध्ययन बिदा
(७) असाधारण बिदा
(८) प्रसूति बिदा"

३. मूल मियमावलीको नियम ५.२ मा संशोधनः मूल नियमावलीको नियम ५.२ को सट्टा देहायको नियम ५.२ राखिएको छ ।

"५.२ पर्व बिदाः (१) पदाधिकारीले प्रत्येक वर्ष तीन दिनमा नबढाई पर्व बिदा पाउन सक्नेछ ।

(२) पर्व बिदा लिई बसेको पदाधिकारीले पूरा तलब पाउनेछ ।

(३) पर्व बिदा आधा दिन पनि लिन पाउनेछ ।

स्पष्टीकरणः– यस उपनियमको प्रयोजनको लागि "आधा दिन" भन्नाले दैनिक कार्यालय समयको आधा समय सम्झनुपर्छ ।

(४) एक वर्षको पर्व बिदा सञ्चित गरी अर्को वर्षमा लिन पाइनेछैन ।

(५) बिदा दिने अधिकारीले मौखिक अनुरोधको आधारमा पनि पर्व बिदाको स्वीकृति दिन सक्नेछ ।

तर, त्यसरी पर्व बिदाको स्वीकृति दिएकोमा निजले बिदा दिए लिएको कुराको अभिलेख राख्न लगाउनु पर्नेछ ।"

४. मूल नियमावलीको नियम ५.३ मा संशोधनः मूल नियमावलीको नियम ५.३ को सट्टा देहायको नियम ५.३ राखिएको छः–

"५.३ घर बिदाः (१) पदाधिकारीले प्रत्येक वर्ष तीस दिनमा नबढाई घर बिदा पाउनेछ ।

(२) घर बिदा लिई बसेको पदाधिकारीले पूरा तलब पाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

92

(३) एक वर्षको तीस दिनसम्म घर बिदा सोही वर्षभित्र जहिले पनि लिन पाउनेछ ।

(४) प्रत्येक वर्षको चैत्र मसान्तसम्म सञ्चित रहेको घर बिदामध्ये बढीमा तीस दिनसम्मको घर बिदा बापत पदाधिकारीले निजको पदाधिकार रहेको पदको शुरू तलब स्केलको दरले हुन आउने रकम एकमुष्ट सोही आर्थिक वर्षभित्र लिन पाउनेछ ।

(५) यो नियम लागू हुँदा बहाल रहेको पदाधिकारीको सम्वत् २०४३ साल चैत्र मसान्तसम्म सञ्चित रहेको एक सय पचास दिनसम्मको घर बिदा बापत निजले तत्काल प्रचलित नियम अनुसार प्रत्येक वर्ष बढीमा तीस दिनका दरले घर बिदा बापत रकम पाँच वर्षभित्र भुक्तानी लिन पाउनेछ ।

तर–

(१) यो नियम लागू भएको पाँच वर्षभित्र अवकाश प्राप्त गर्ने पदाधिकारीले त्यसरी सेवाबाट अवकाश प्राप्त गर्दा निजको सञ्चित रहेको घर बिदाको रकम एकमुष्ट लिन पाउनेछ ।

(२) तीस दिनसम्म मात्र सञ्चित रहेछ भने सो घर बिदा बापतको रकम पदाधिकारीले एकमुष्ट एक वर्षमा नै लिन पाउनेछ ।

(६) पदाधिकारीको सञ्चित घर बिदाको रकम निजले लिन नपाउँदै निजको मृत्यु भएमा त्यस्तो सञ्चित घर बिदाको रकम नियम ७.५ को उप-नियम (३) बमोजिमको व्यक्तिले एकमुष्ट लिन पाउनेछ ।

(७) पदाधिकारीलाई वर्षको एकपटक घर बिदामा घर जाँदा र घर बिदा भुक्तान गरी घरबाट आफ्नो कार्यालयमा आउँदा पैदलको बाटोलाई आठ कोसको निमित्त एक दिनको दरले तथा मोटर, रेल वा हवाइजहाजको बाटोलाई जति दिन लाग्ने हो त्यति दिन निजले बाटो म्याद पाउनेछ । तर घर बिदामा घर नगई अन्यत्र जाने वा बस्नेको निमित्त बाटो म्याद दिइनेछैन । राजपत्रांकित पदाधिकारीका हकमा भने सबैभन्दा छिटो साधनद्वारा सबैभन्दा छोटो बाटोको हिसाबले बाटो म्याद दिइनेछ ।

(८) असाधारण बिदामा बसेको र निलम्बनमा रहेको पदाधिकारीले सो अवधिभरको घर बिदा पाउनेछैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

92

५. मूल नियमावलीको नियम ५.४ मा संशोधनः मूल नियमावलीको नियम ५.४ को –

(१) उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छः–

"(३) एक वर्षको बिरामी बिदा सञ्चित गरी अर्को सालमा लिन पाउनेछैन ।

तर, प्रत्येक सालको चैत्र मसान्तसम्म सञ्चित रहेको बिरामी बिदा बापत पदाधिकारीले निजको पदाधिकार रहेको पदको शुरू तलब स्केलको दरले हुन आउने एकमुष्ट रकम सोही आर्थिक वर्षभित्र लिन पाउनेछ ।"

(२) उप-नियम (३) पछि देहायको उप-नियम (३क) थपिएको छः–

"(३क) यो नियम लाग हुँदा बहाल रहेका पदाधिकारीको सम्वत् २०४३ साल चैत्र मसान्तसम्म सञ्चित रहेको बिरामी बिदाको रकम पाँच वर्षभित्र भुक्तानी लिन पाउने गरी दामासाहीले हिसाब गर्दा पर्न आउने दिन जतिको रकम तत्काल प्रचलित नियम अनुसार प्रत्येक वर्ष लिन पाउनेछ ।

तर,

(१) यो नियम लागू भएको पाँच वर्षभित्र अवकाश प्राप्त गर्ने पदाधिकारीले त्यसरी सेवाबाट अवकाश प्राप्त गर्दा निजको सञ्चित बिरामी बिदाको रकम एकमुष्ट लिन पाउनेछ ।

(२) दामासाहीको हिसाब गर्दा प्रत्येक वर्ष तीस दिन वा सो भन्दा घटी दिन पर्न आउने रहेछ भने प्रत्येक वर्ष तीस दिनमा नबढाई बिरामी बिदाको रकम लिन पाउनेछ ।"

(३) उप-नियम (४) को सट्टा देहायको उप-नियम (४) राखिएको छः–

"(४) कुनै ठूलो कडा रोग लागी उपचार गर्न बिरामी बिदा र घर बिदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरी पदाधिकारीले पछि पाउने बिरामी बिदा र घर बिदाबाट कट्टा हुने गरी पैंतालिस दिनसम्म थप बिरामी बिदा पेस्कीको रूपमा त्यस्ता बिरामी भएको बखत लिन सक्नेछ । यसरी पेस्की बिदा लिएको पदाधिकारीको मृत्यु हुन गएमा त्यस्तो पेस्की लिएको बिदा स्वतः मिनाहा हुनेछ ।"

(४) उप-नियम (५) को सट्टा देहायको उप-नियम (५) राखएको छः–

"(५) बिरामी बिदा लिई बसेको पदाधिकारीले पूरा तलब पाउनेछ ।"

(५) उप-नियम (५) पछि देहायका उप-नियम (६), (७), (८) र (९) थपिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(६) उप-नियम (४) बमोजिमको बिदाले नपुग भई थप बिदा लिनु परेमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरी पदाधिकारीले पाउने असाधारण बिदाबाट कट्टा हुने गरी सेवा अवधिभरमा एक वर्षमा नबढ्ने गरी असाधारण बिदा लिन सक्नेछ। यसरी असाधारण बिदामा बस्दा त्यस्ता पदाधिकारीले पदाधिकार रहेको पदको शुरू तलब स्केलको दरले तलब पाउनेछ।

(७) पदाधिकारीको सञ्चित बिरामी बिदाको रकम निजले लिन नपाउँदै निजको मृत्यु भएमा त्यस्तो सञ्चित बिरामी बिदाको रकम नियम ७.५ को उप-नियम (३) बमोजिमको व्यक्तिले एकमुष्ट लिन पाउनेछ।

(८) निलम्बनमा रहेको पदाधिकारीले सो अवधिभरको बिरामी बिदा पाउने छैन।

(९) कुनै पदाधिकारीले उप-नियम (६) बमोजिम लगातार एक वर्षसम्म असाधारण बिदा लिई सकेपछि पनि बिरामीको कारणले काम गर्न सक्षम नभएमा त्यस्ता पदाधिकारीले राजीनामा गर्नु पर्नेछ। त्यसरी राजीनामा नगर्ने पदाधिकारीको सेवा स्वतः समाप्त भएको मानिनेछ।"

६. मूल नियमावलीको नियम ५.६ मा संशोधन : मूल नियमावलीको नियम ५.६ को सट्टा देहायको नियम ५.६ राखिएको छः–

"५.६ विशेष बिदाः (१) पदाधिकारीले विशेष कारण देखाएमा प्रत्येक वर्ष बढीमा एक महिनामा नबढाई विशेष बिदा पाउन सक्नेछ।

(२) एक वर्षको विशेष बिदा सञ्चित गरी अर्को वर्षमा लिन पाउनेछैन।

(३) विशेष बिदा लिई बसेको पदाधिकारीले सो अवधिको तलब पाउनेछैन।"

७. मूल नियमावलीको नियम ५.७ मा संशोधनः मूल नियमावलीको नियम ५.७ को–

(१) उप-नियम (१) खारेज गरिएको छ।

(२) उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छः–

"(३) पदाधिकारी सेवालाई उपयोगी र आवश्यक पर्ने विषयमा महालेखा परीक्षकको विभागको र महालेखा परीक्षकको विभागलाई प्राप्त भएको छात्रवृत्तिमा महालेखा परीक्षकको स्वीकृति लिई खुल्ला प्रतियोगिता वा अन्तर विभागीय प्रतियोगितामा छानिई अध्ययन गर्न जाने पदाधिकारीले अध्ययन अवधिभर अध्ययन बिदा पाउन सक्नेछ। तर यस्तो बिदा ५ वर्षभन्दा बढी हुनेछैन।"

(३) उप-नियम (३) पछि देहायको उप-नियम (३क) थपिएको छः–

"(३क) पाँच वर्ष पदाधिकारी सेवा अवधि नपुगी कुनै पनि पदाधिकारीले अध्ययन बिदा पाउन सक्नेछैन।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. मूल नियमावलीको नियम ५.८ मा संशोधनः मूल नियमावलीको नियम ५.८ को,–

(१) उप-नियम (२) को "तलब पाउने छैन" भन्ने वाक्यांश पछि देहायको वाक्य थप गरिएको छः–

"तर, नियम ५.४ को उप-नियम (६) बमोजिम असाधारण बिदा बसेको अवस्थामा पदाधिकार रहेको पदको शुरू तलब स्केलको दरले तलब पाउन यस उप-नियमले बाधा पुऱ्याएको मानिने छैन ।"

(२) उप-नियम (२) पछि देहायका उप-नियम (३) र (४) थपिएका छन्:–

"(३) दश वर्ष पदाधिकारी सेवा अवधि नपुगी कुनै पनि पदाधिकारीले असाधारण बिदा पाउन सक्नेछैन ।

तर,

(१) परीक्षणकालमा रहेको वा अन्य कुनै पदाधिकारीले नेपालको कुनै विश्वविद्यालयद्वारा सञ्चालित राष्ट्रिय विकास सेवा कार्यक्रममा भाग लिन असाधारण बिदाको माग गरेमा असाधारण बिदा दिन यो नियमले कुनै बाधा पुऱ्याएको मानिने छैन । परीक्षणकालमा रहेको पदाधिकारी राष्ट्रिय विकास सेवा कार्यक्रमबाट फर्की आएपछि बाँकी अवधिको लागि पुनः परीक्षणकालमा बस्नु पर्नेछ ।

(२) नियम ५.४ को उप-नियम (६) बमोजिम बिरामी भएको अवस्थामा थप बिरामी बिदा बापत असाधारण बिदाबाट कट्टा हुने गरी असाधारण बिदा लिन यस नियमले बाधा पुऱ्याएको मानिनेछैन ।

(४) असाधारण बिदा लिई बसेका पदाधिकारीको त्यस्तो बिदाको अवधि निजको नोकरी अवधिमा गणना गरिनेछैन ।

तर, बिदा भुक्तान गरेर आफ्नो पद वा सेवामा पुनः सम्मिलित हुन यस नियमले कुनै बाधा पुऱ्याएको मानिनेछैन ।"

९. मूल नियमावलीमा नियम ५.८ ख थपः मूल नियमावलीको निमय ५.८क पछि देहायको नियम ५.८ख थपिएको छः–

"५.८ख. बिदा परिणत नहुनेः यस परिच्छेद बमोजिम कुनै बिदा लिई बसेको पदाधिकारीले जुन बिदा लिई बसेको हो सो बिदा नै उपभोग गर्नु पर्नेछ । पहिले एक किसिमको बिदा लिएपछि अर्को किसिमको बिदामा परिणत गराउन पाइनेछैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८

१०. मूल नियावलीको नियम ५.१२ मा संशोधनः मूल नियमावलीको नियम ५.१२ को उप-नियम (२) मा रहेका "भैपरी आउने बिदा" भन्ने शब्दहरूको सट्टामा "पर्व बिदा" भन्ने शब्दहरू राखिएका छन् ।

११. मूल नियमावलीको नियम ७.२ मा संशोधनः मूल नियमावलीको नियम ७.२ को सट्टा देहायको नियम ७.२ राखिएको छः–

"७.२ स्वेच्छिक अवकाशः (१) बीस वर्षसम्म नोकरी गरिसकेका पदाधिकारीलाई निजको इच्छा भएमा महालेखा परीक्षकले नोकरीबाट अवकाश लिने अनुमति दिन सक्नेछ ।

(२) सम्वत् २०४३ साल चैत्र मसान्तसम्म स्वेच्छिक अवकाश लिएका पदाधिकारीले जति वर्षको निवृत्तभरण अग्रिम रूपमा एकमुष्ट लिएको हो सो अवधि भुक्तान भएपछि यस परिच्छेद बमोजिम पाउने निवृत्तभरण पाउन थाल्नेछ ।"

आज्ञाले,
नरकान्त अधिकारी
महालेखा परीक्षक



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग,
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
960

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।